जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९ जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७७ | २०८३ साल जेठ ०९ गते शनिवार | Saturday-23-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## भिस्वा नाका तस्करीको अखडा बन्दै, सुरक्षा संयन्त्रको मौनतामाथि प्रश्न

***शु.आ. सम्बाददाता***
***पर्सा, ०८ जेठ***

पर्साको ग्रामीण सीमावर्ती क्षेत्र भिस्वा नाका पछिल्लो समय संगठित तस्करीको प्रमुख मार्गका रूपमा विकसित हुँदै गएको भन्दै स्थानीयवासीले गम्भीर चिन्ता व्यक्त गरेका छन् । भारतसँग जोडिएको खुला सीमाको फाइदा उठाउँदै दैनिक रूपमा विभिन्न अवैध सामानको ओसारपसार भइरहेको आरोप लागे पनि सम्बन्धित निकायको प्रभावकारी नियन्त्रण नदेखिएको गुनासो बढ्दो छ । स्थानीय स्रोतका अनुसार नाकामा सक्रिय तस्कर समूहहरूले संगठित सञ्जाल निर्माण गरी अवैध कारोबार सञ्चालन गरिरहेका छन् । कपडा, किराना, इलेक्ट्रोनिक्स लगायतका सामग्री रातिको समयमा निर्बाध रूपमा भित्र्याउने तथा बाहिर पठाउने कार्य भइरहेको दाबी गरिएको छ। तस्करी नियन्त्रणमा खटिनुपर्ने निकायकै केही व्यक्तिको संरक्षण र मिलेमतोमा यस्तो गतिविधि मौलाएको आरोपसमेत स्थानीयले लगाएका छन्।




स्थानीय बासिन्दाहरूका अनुसार तस्करी नियन्त्रणका नाममा 'घुमुवा' परिचालन गरी रकम असुल्ने कार्यसमेत भइरहेको छ। अवैध रूपमा उठाइने रकमको पहुँच माथिल्लो तहसम्म पुग्ने आशंका व्यक्त गर्दै उनीहरूले जिल्ला प्रहरी नेतृत्वको भूमिकामाथि समेत प्रश्न उठाएका छन् । पटक-पटक गुनासो गर्दा पनि प्रभावकारी कारबाही नभएको भन्दै स्थानीयले प्रहरी प्रशासन केवल दर्शक बनेको आरोप लगाएका छन् ।

तस्करीका कारण राज्यले ठूलो राजस्व गुमाइरहेको मात्र होइन, वैधानिक रूपमा व्यवसाय सञ्चालन गरिरहेका व्यापारीहरू पनि प्रत्यक्ष मारमा परेका छन् । अवैध रूपमा भित्रिएका सस्ता सामानसँग प्रतिस्पर्धा गर्न नसक्दा स्थानीय व्यवसाय धराशायी बन्दै गएको व्यापारीहरूको भनाइ छ।

सरोकारवालाहरूले सुरक्षा निकाय, भन्सार कार्यालय र स्थानीय प्रशासनबीच समन्वय अभावका कारण समस्या झन् विकराल बन्दै गएको स्वीकार गरेका छन्। सीमावर्ती क्षेत्रमा निगरानी कमजोर हुँदा तस्करहरू थप हौसिएको विश्लेषण गरिएको छ।

स्थानीयवासीले भिस्वा नाकामा भइरहेका गतिविधिबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् । समयमै नियन्त्रणका लागि ठोस कदम नचालिए पर्सा जिल्लामा तस्करीको जालो अझ गहिरिने र त्यसले आर्थिक तथा सामाजिक क्षेत्रमा दीर्घकालीन असर पार्ने चेतावनीसमेत उनीहरूले दिएका छन् ।

## सिकिस्त क्यान्सर पीडित महिलाको घरमै पुगेर नागरिकता हस्तान्तरण

***शु.आ. सम्बाददाता***
***बारा, ०८ जेठ***

गम्भीर रोगका कारण शय्याग्रस्त अवस्थामा रहेकी बाराको कलैया उपमहानगरपालिका-२७ निवासी मुरतिया देवीलाई जिल्ला प्रशासन कार्यालय बाराले घरमै पुगेर नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराएको छ। क्यान्सर रोगबाट पीडित भई अत्यन्तै सिकिस्त अवस्थामा रहेकी मुरतिया देवी स्वयं कार्यालयमा उपस्थित हुन नसक्ने अवस्था भएपछि जिल्ला प्रशासन कार्यालय मानवीय संवेदनशीलता देखाउँदै घरदैलोमै सेवा प्रदान गरेको हो ।



प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र स्वयं मुरतिया देवीको निवासमा पुगेर आवश्यक प्रक्रिया पूरा गराउँदै सही सनाखत पश्चात् उनका पति संजय सहनी मलाहलाई नागरिकताको प्रमाणपत्र हस्तान्तरण गरेका हुन् । प्रशासनले सेवाग्राहीको अवस्थालाई मध्यनजर गर्दै सहज र सहानुभूतिपूर्ण ढंगले सेवा प्रवाह गरेको जनाएको छ । उक्त अवसरमा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई, प्रशासकीय अधिकृत मनिषा कर्ण, ना.सु. रत्न स्याङ्तान, कम्प्युटर अपरेटर हरिवंश चौधरी तथा सम्बन्धित वडाका वडा अध्यक्ष अशोक तिवारी लगायतको उपस्थिति रहेको थियो । जिल्ला प्रशासन कार्यालय बाराले असहाय, अशक्त तथा बिरामी नागरिकलाई सहज रूपमा सरकारी सेवा उपलब्ध गराउने प्रतिबद्धता दोहोऱ्याउँदै मुरतिया देवीको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरेको छ। प्रशासनको यस मानवीय कार्यप्रति स्थानीयवासीले प्रशंसा व्यक्त गरेका छन् ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

**श्री राम चरित्र माध्यमिक विद्यालय**
**Shree Ram Sharitra Sec. School**
**जयनगर चिउटाहा, बारा**
**Jayanagar Chiutaha, Bara**

मितिः २०८३/०२/०७

**विषय : प्रशिक्षक आवश्यकता**

आदर्श कोतवाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखाको पत्र संख्या २०८२/०८३, चलानी नम्बर ५७ र मिति २०८३/०२/०७ गतेको प्राप्त पत्रानुसार यस विद्यालयमको प्राविधिक धारतर्फ सिविल इन्जिनियरिङ्गमा मा. वि. द्वितिय तहमा प्रशिक्षक ४ (चार) जना र साधारण धार कक्षा ११ र १२ तर्फमा प्रशिक्षक १ (एक) आवश्यकता भएकोले करार सेवामा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट तपसिल बमोजिमका पदको लागि दर्खास्त आव्हान गरिएको छ ।

<u>तपसिल</u>

१. **विज्ञापन नं.** : ०१/२०८२/०८३
पद : प्रशिक्षक
बिषय : विज्ञान (**biology**)
तह/श्रेणी : मा.वि. द्वितीय
संख्या : १ ( एक )
योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरेको
तलब : नेपाल सरकारले तोके बमोजिम

२. **विज्ञापन नं.** : ०२/२०८२/०८३
पद : प्रशिक्षक
बिषय : प्राशिक्षक विज्ञान (**physics**)
तह/श्रेणी : मा.वि. द्वितीय
संख्या : १ ( एक )
योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरेको
तलब : नेपाल सरकारले तोके बमोजिम

३. **विज्ञापन नं.** : ०३/२०८२/०८३
पद : प्रशिक्षक
बिषय : प्रशिक्षक विज्ञान (**chemistry**)
तह/श्रेणी : मा.वि. द्वितीय
संख्या : १ ( एक )
योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरेको
तलब : नेपाल सरकारले तोके बमोजिम

४. **विज्ञापन नं.** : ०४/२०८२/०८३
पद : प्रशिक्षक
बिषय : सिभिल इन्जिनियरिङ्ग (**M. E.**)
तह/श्रेणी : मा.बि. द्वितीय
संख्या : २ ( दुई )
योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरेको
तलब : नेपाल सरकारले तोके बमोजिम

<u>तपसिल</u>

१. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यकता देखिएमा प्रयोगात्मक,
२. दरखास्त दिने उम्मेदवारः ४० वर्ष ननाघेको हुनु पर्ने,
३. परीक्षा दस्तुर : रु.२५०० (दुई हजार पाच सय मात्र ) यस विद्यालयको च.हि नं. ००२१५६६४३२७ सिद्धार्थ बैंक लिमिटेड आदर्श कोतवाल शाखामा बुझाएको सक्कल भौचर,
४. दरखास्त फारमसंग संलग्न गर्नु पर्ने कागजातहरु :
क. व्यक्तिगत निवेदन,
ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ग. **SLC/SEE** देखि माथि सबै प्रमाणपत्रहरुको प्रतिलिपि,
घ. दस्तुर जम्मा गरेको सकल बैंक भौचर वा विधालयमा तिरेको नगदी रसिद
ङ. अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि,
५. दरखास्त बुझाउने अन्तिमः मिति २०८३/०२/२२ गते सम्म कार्यालय समय भित्र
६. सम्पर्क मितिः २०८३/०२/२३ गते
७. परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिने,
८. अनुभवी र निर्धारित योग्यताभन्दा बढी भएको उम्मेदवारलाई प्राथमिकता दिइने,
९. **Email: shreeramcharitraschool@gmail.com**
सम्पर्क फोन नं. : ९८४५५२१३९८ ९८४५६४३४०३

प्रधानाध्यापक
श्री राम चरित्र मा.वि.बारा

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका**

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# बढ्दो तस्करी र प्रहरीमाथि उठ्दै प्रश्न

बाराका सीमावर्ती क्षेत्रमा पछिल्लो समय चोरी-तस्करी मौलाउँदै जानु केवल कानुनी समस्या मात्र होइन, राज्यको सुरक्षा संयन्त्रमाथिको गम्भीर चुनौती पनि हो । शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी बोकेको नेपाल प्रहरीमाथि नै आर्थिक चलखेल र उदासीनताको आरोप लाग्नुले सर्वसाधारणमा निराशा र अविश्वास बढाएको छ ।

सिम्रौणगढ, कचोर्वा, आमवा लगायत सीमा क्षेत्रहरुमा रातिको समयमा खुलेआम अवैध कारोबार हुने गरेको स्थानीयहरुको गुनासो नयाँ होइन । भारतसँगको खुला सीमाको फाइदा उठाउँदै कपडा, किराना, खाद्यान्नदेखि इलेक्ट्रोनिक्स सामग्रीसम्म अवैध रुपमा भित्रिने र बाहिरिने क्रम बढ्दो छ । तर यस्ता गतिविधि नियन्त्रणमा प्रहरी प्रशासन प्रभावकारी रुपमा प्रस्तुत हुन नसक्दा तस्करहरुको मनोबल झन् बढेको देखिन्छ ।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको स्थानीयले पटक-पटक सूचना दिँदा पनि सम्बन्धित निकायले चासो नदिनु हो । यसले सुरक्षा निकायप्रति शंका उत्पन्न हुनु स्वाभाविक बनेको छ । यदि प्रहरी प्रशासन इमान्दार र सक्रिय हुने हो भने सीमावर्ती क्षेत्रमा हुने अधिकांश अवैध गतिविधि नियन्त्रण गर्न सकिने स्थानीयहरुको भनाइलाई सहज रुपमा अस्वीकार गर्न सकिँदैन ।

तस्करीले राज्यको राजस्वमा ठूलो क्षति पुर्‍याइरहेको छ । वैधानिक रुपमा व्यापार गर्ने व्यवसायीहरु अवैध सामानसँग प्रतिस्पर्धा गर्न नसकेर समस्यामा परिरहेका छन् । यसले स्थानीय अर्थतन्त्रलाई कमजोर बनाउनुका साथै कानुनी व्यापारप्रति निराशा पनि बढाउँछ ।

यता सर्वसाधारण नागरिक भने सामान्य काममै प्रहरीको कडाइ र निगरानी झेल्न बाध्य छन् । गरिब र निमुखा नागरिकमाथि कठोर व्यवहार गर्ने तर संगठित तस्करीप्रति मौन बस्ने प्रवृत्तिले प्रहरी संगठनकै विश्वसनीयतामाथि प्रश्न उठेको छ ।

अब आवश्यक छ–सीमा क्षेत्रमा भइरहेका गतिविधिको निष्पक्ष छानबिन, दोषीमाथि कडा कारबाही र सुरक्षा संयन्त्रभित्र हुन सक्ने सम्भावित सेटिङ संस्कृतिको अन्त्य । जनताको सुरक्षाका लागि खटिएको निकाय जनताकै भरोसाको केन्द्र बन्न सक्नुपर्छ । अन्यथा सीमावर्ती क्षेत्रमा मौलाउँदै गएको तस्करीले भविष्यमा अझ गम्भीर अवस्था निम्त्याउन सक्छ ।

# अन्तर्राष्ट्रिय वित्तीय व्यवस्थापन, नेपालको यथार्थता



पूर्ण साउद

सन् २०२६ मा फाइनानसयल एक्सन टाक्स फोर्स (एफएटीएफ)ले नेपाललाई पुनः ग्रे लिस्टमा राख्यो । ग्रे लिस्टबाट बाहिर निस्कन नेपालले सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोक्नेसम्बन्धी केही नयाँ कानुन बनायो, केही पुराना कानुनमा संशोधन गर्‍यो । तर, अझै पनि नेपाल ग्रे लिस्टबाट बाहिर निस्कन सकेको छैन । देश ग्रे लिस्टमा पर्दा अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको साख गिर्ने, विदेशी लगानी (एफडीआई) घट्ने र नेपाली बैंकले विदेशमा कारोबार गर्दा अनेक झन्झट व्यहोनुपर्ने हुन्छ । त्यसैले नयाँ बलियो सरकारले सबै राजनीतिक दल र वित्तीय क्षेत्रको सहभागितामा ग्रे लिस्टबाट मुलुकलाई बाहिर निकाल्न केही कानुनी सुधार र तिनको कार्यान्वयनका लागि महत्वपूर्ण पहल गर्नैपर्ने देखिएको छ ।

राष्ट्रिय वित्त व्यवस्था : अन्तर्राष्ट्रिय आर्थिक शासन (ग्लोबल फाइनान्सियल गभर्नेन्स) सञ्चालनको व्यवस्थापनका लागि विभिन्न किसिमका समझदारी, सम्झौता र सन्धि बनेका हुन्छन् । एक देशले अर्को देशसँग गर्ने वित्त र व्यापार कारोबार कसरी शुद्ध धन (ह्वाइट मनी), आतंकवादी गतिविधिको वित्तीय सहयोग नियन्त्रण तथा रोकथाम (कमब्याटिङ द फाइनान्सियङ अफ टेरोरिज्म) र आम विनाशका हतियार (प्रोलिफरेसन) बाट कसरी भरपर्दो, विश्वसनीय मानव जाति उपयोगी बनाउने भन्ने सिलसिलामा विभिन्न किसिमका प्रावधानको अन्तर्राष्ट्रिय क्षेत्रमा विकास भएको हो । सम्पत्ति शुद्धीकरण सम्बन्धमा वित्तीय कार्बाही कार्यदल (फाइनान्सियल एक्सन टाक्स फोर्स) र क्षेत्रगत रूपमा एसिया प्यासिफिक क्षेत्रमा एसिया प्यासिफिक समूह (एसिया प्यासिफिक ग्रुप)ले काम गरिरहेको छ । बैंकिङ क्षेत्रको कार्य व्यवस्थापन (बाजल गाइडलाइन्स) अनुसार गर्नेगरी अन्तर्राष्ट्रिय कानुनको विकास गरिएको छ ।

प्रचलनमा रहेको वित्तीय व्यवस्थापनमा नवपरिवर्तनकारी औजारको रूपमा विकास भएको अभौतिक मुद्रा (क्रिप्टोकरेन्सी)ले अन्तर्राष्ट्रिय मौद्रिक क्षेत्र व्यवस्थापनमा नवीनतम् चुनौतीहरू सिर्जना गरेको छ । क्रिप्टोकरेन्सी भनेको ब्लेकचेन प्रविधिमा आधारित विविधीकरण भएको अभौतिक सम्पत्ति हो । मुख्यतया यसमा केन्द्रीय बैंकको नियन्त्रण हुँदैन, यसको प्रयोग व्यक्तिबाट व्यक्तिमा हुन्छ, यसलाई कम्प्युटरमा किप्टोग्राफीद्वारा सुरक्षित गरी ब्लक चेनमा सुरक्षित लेजर रेकर्ड गरिएको हुन्छ । हाल प्रचलनमा रहेका प्रमुख अभौतिक मुद्रा हुन् (बिट क्वाइन, यूएसडीटी, इथिरियल, टेदर) आदि । विकसित देशहरूले क्रिप्टोकरेन्सी सुरु गरी सकेको अवस्था देखिन्छ । यसको प्रयोग वैधानिक प्रविधिमा आधारित वित्त, अन्तर्राष्ट्रिय, विप्रेषण, वित्तीय प्रविधिमा नवीनता (फिनटेक इनोभेसन) र स्वचालित सहज नवप्रवर्द्धनात्मक कार्यसम्झौता आदिमा यसको प्रयोग बढ्दै गएको छ ।

अर्कोतर्फ किप्टोकरेन्सीको प्रयोगले सम्पत्ति शुद्धीकरण, आतंकवादमा वित्तीय सहयोग, कर छली, हुन्डी, सेल बैंक सञ्चालन, कालो धनसम्बन्धी कारोबार, अपराध र वित्तीय दण्डहीनताजस्ता समस्यासमेत सँगसँगै निम्तिएका छन् । राज्य र सरकारको शासकीय अन्तर्निहित अधिकारमा समेत चुनौती सिर्जना गरेको देखिन्छ । उल्लेखित समस्या समाधान गर्नका लागि वित्तीय कारबाही कार्यदल (एफएटीएफ) ले अभौतिक सम्पत्ति र अभौतिक सम्पत्ति सेवा प्रदायकका लागि सम्पत्ति शुद्धीकरण र आतंकवादमा वित्तीय सहयोगजस्ता कानुनी संरचनाको विकास गरेको छ । हुन्डी र डिजिटल माध्यमबाट हुने वित्तीय अपराध रोक्न नेपालले अनुसन्धान निकायहरूलाई आधुनिक र प्रविधिले सुसज्जित गरी तालिम प्राप्त जनशक्ति परिचालन गर्नुपर्छ ।

नयाँ बलियो सरकारले सबै राजनीतिक दल र वित्तीय क्षेत्रको सहभागितामा ग्रे लिस्टबाट मुलुकलाई बाहिर निकाल्न केही कानुनी सुधार र तिनको कार्यान्वयनका लागि महत्वपूर्ण पहल गर्नैपर्ने देखिएको छ ।

वित्तीय कारबाही कार्यदल भनेको अन्तर्राष्ट्रियस्तरमा सम्पत्ति शुद्धीकरण र आतंकवादमा वित्तीय सहयोगको मापदण्ड बनाउने संगठन हो । यो संस्था सन् १९८९ मा विश्वका प्रमुख औद्योगिक देशको सम्मेलनले पेरिस सम्झौताअनुसार स्थापना भएको हो । उक्त कार्यदले विश्वभर तीनवटा क्षेत्रीय संगठनमार्फत विश्वभरका देशहरूलाई अनुगमनमा समेटेको छ । नेपाल एसिया प्यासिफिक ग्रुपको सदस्य राष्ट्र हो । नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय कारबाही कार्यदल र एसिया प्यासेफिक समूहका अन्तर्राष्ट्रिय नियम तथा व्यवस्था लागू गर्न बाध्य हुन्छ । वित्तीय कारबाही कार्यदलको सिफारिस-१५ मा अभौतिक सम्पत्ति र अभौतिक सम्पत्ति सेवा प्रदायक लागि व्यवस्था गरेको छ । जसअनुसार कार्य गर्न इजाजतपत्र लिनपर्ने, आफ्नो ग्राहक चिन्नु पर्ने, ग्राहकको यथार्थ विवरण, शंकास्पद कारोबारको प्रतिवेदन, रेकर्ड राख्ने र पठाउने नियमहरू लागू गर्नपर्ने व्यवस्था गरेको छ ।

बैंकिङ सुपरिवेक्षणको मुख्य चासो, वित्तीय अस्थिरता, तरलता अभाव, कारबाहीमा समस्या, साइबर समस्या र वित्तीय व्यवस्थापनमा अस्थिरताजस्ता समस्या माथि चासो रहन्छ । त्यसैले भौतिकभन्दा अभौतिक सम्पत्तिमा धेरै जोखिम रहन सक्ने भएकोले जगेडा पुँजी धेरै धरौटी लिने गर्न पर्छ । वित्तीय कारबाही कार्यदलले सिफारिस-१५ मा अभौतिक सम्पत्ति र अभौतिक सम्पत्ति सेवा प्रदायकलाई कानुनी संरचना बनाएको छ । ईयूले मिका रेगुलेसन बनाएको छ । अमेरिकाले यूएसडीटीको अवधारणा विकास गरी कडा नियमनको व्यवस्था गरेको छ । विश्वका प्रायः देशहरूले केन्द्रीय बैंकिङ प्रणालीले नै अभौतिक मुद्रा प्रचलनका लागि अध्ययन गरिरहेका छन् ।

नेपालको अवस्था : अन्तर्राष्ट्रिय वित्तीय कारबाही कार्यदलले नेपाललाई पहिलोपटक सन् २०६४ फागुनमा ग्रे लिस्टमा राखेको थियो । दोस्रो पटक ९ फागुन २०८१ देखि हालसम्म ग्रे सूचीमा नै रहेको छ । वित्तीय कारबाही कार्यदलले साधारण, ग्रे र कालोसूची गरी देशहरूको मूल्यांकन गरेको हुन्छ । साधारण सूचीमा रहेका देशमा वित्तीय कारोबार सहज हुन्छ, अर्थात् वित्तीय सुशासन भएको मानिन्छ । ग्रे सूचीमा रहेका मुलुकले अन्तर्राष्ट्रिय स्तरमा ध्यान दिएर कारोबार गर्ने बुझिन्छ । कालोसूचीमा रहेका मुलुकलाई अन्तर्राष्ट्रिय वित्तको लागि सिफारिस हुँदैन ।

नेपालको परम्परागत वित्तीय गतिविधि अहिलेसम्म सन्तोषजनक बनाउन सकिएको छैन । प्रथम पटक २०६४ फागुनमा ग्रे सूचीमा पर्नुको मुख्य कारण वैधानिक व्यवस्था नभएको कारण थियो । दोस्रो पटक ९ फागुन २०८१ मा मुख्य रूपमा कानुन कार्यान्वयनको पाटोलाई परिणाममुखी कार्यान्वयन नभएको उल्लेख भएको छ । वित्तीय कारोवारमा मुख्यतया सहकारी संस्था, घरजग्गा कारोबार, क्यासिनो र बहुमूल्य गरगहना (सुन, चाँदी, डाइमान्ड) र कालोधनको प्रयोगको सम्बन्धमा एसिया प्यासिफिक समूहले औंल्याएको देखिन्छ ।

कानुनी व्यवस्था : नेपालको वित्तीय क्षेत्रको व्यवस्थापनका सम्बन्धमा आकर्षित हुने प्रमुख ऐनहरूमा नेपाल राष्ट्र बैंक ऐन, (२०५८), विदेशी विनिमय नियमित गर्ने ऐन, (२०१९) बैंक तथा वित्तीय क्षेत्र ऐन (२०७३) र विद्युतीय कारोबार ऐन, (२०६३) अनुसारको कानुनी संरचनाले व्यवस्थित गरेको छ । खासगरी अन्तर्राष्ट्रिय वित्त क्षेत्रको सम्पत्ति शुद्धीकरण र आतंकवादमा वित्तीय सहयोगको सम्बन्धमा आकर्षित हुने सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन (२०६४) ले अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानुन बनाएको छ । तर, कार्यान्वयनको सन्दर्भमा नेपालका कानुन कार्यान्वयन इकाइबीचको आपसी समन्वय र सहकार्यमा वित्तीय कार्बाही कार्यदल र एसिया प्यासिफिक समूहले चासो व्यक्त गरेको देखिन्छ । खासगरी, नेपाल राष्ट्र बैंक मातहत रहेको वित्तीय सूचना इकाइ, नेपाल प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोग बीचमा समन्वय सहकार्य र एकीकृत कारबाहीको कार्यान्वयन हुनपर्ने तर्फ संकेत गरेको देखिन्छ । सम्पत्ति शुद्धीकरण ऐन जारी भएपश्चात् हालसम्म नगण्य मात्रामा करिब १५० मुद्दामात्र अनुसन्धान भई अदालतमा प्रवेश भएको देखिन्छ । फैसला कार्यान्वयन र सम्पत्ति जफत सम्बन्धमा समेत प्रश्न चिह्न खडा गर्दै, नतिजा कार्यान्वयनको अपेक्षा गरेको देखिन्छ । माथि, उल्लेखित वास्तविक विवेचनाको आधारमा मुलुक पुनः ग्रे सूचीमा पर्न गएको यथार्थता विद्यमान छ ।

वित्तीय क्षेत्रमा प्रचलित परम्परागत व्यवस्थापन सम्बन्धमा अन्तर्राष्ट्रिय चासो हुने ग्रे सूचीमा नेपाल रहेको छ । वित्तीय क्षेत्रको नवीनतम नवपरिवर्तनकारी किप्टोकरेन्सी सम्बन्धी कारोबार गर्न सक्ने कानुनी संरचना, वित्तीय व्यवस्थापन क्षमता र वातावरणसमेत वर्तमान अवस्थामा देखिँदैन । नेपाल राष्ट्र बैंकको वित्तीय व्यवस्थापन निर्देशनअनुसार क्रिप्टो करेन्सी कारोबार, परिवर्त्य र विप्रेषण भित्रयाउने कार्यहरूमा अभौतिक मुद्रा प्रयोगलाई वर्जित (प्रतिबन्ध) गरेको छ । क्रिप्टोकरेन्सी प्रयोगका सन्दर्भमा धेरै समस्या रहेका छन् । नेपालमा कमजोर विदेशी मुद्राको सञ्चिति, हुन्डीको कारोबार बढ्ने खतरा, सम्पत्ति शुद्धीकरण, पुँजी पलायन र अपराधमा वित्तीय सहयोग, ग्रे सूची, व्यवस्थापकीय क्षमता र वित्तीय साइबर जोखिमका कारणहरू विद्यमान छन् । अभौतिक मुद्रा व्यवस्थापन वर्तमान सन्दर्भमा कठिन रहेको अध्ययनबाट देखिन्छ ।

अवसर र चुनौती : विश्व अर्थतन्त्रसँग जोडिन र आर्थिक समृद्धि हासिलको लागि, समयानुकूल परिवर्तन अनुरूपको क्षमता विकास एक अनिवार्य सर्त हो । लामार्कको 'प्रयोग र अप्रयोग' सिद्धान्तअनुसार 'प्रयोग नहुने चिज लोप हुन्छ ।' तसर्थ, नेपालले समयानुकूल आफूलाई परिवर्तन गर्न जरुरी छ । अभौतिक मुद्रा प्रचलन गर्न सकेमा यसबाट फाइदा लिन सकिन्छ । आम मानिसलाई वित्तीय पहुँच सहज हुन्छ । सस्तोमा विप्रेषण भित्र्याउन सहज हुन्छ । प्राविधिक क्षमता बढ्ने र स्वचालित सम्झौताजस्ता अवसरहरू प्राप्त हुन्छन् । जोखिम पनि रहेका छन् । वित्तीय सुशासनको पूर्वाधार तथा क्षमता बिना यो सम्भव देखिँदैन । तर, विश्व व्यवस्थाअनुसार नयाँ कदम नचालेर पनि हुँदैन ।

वित्तीय क्षेत्र व्यवस्थापन नभै प्राकृतिक एवं कानुनी व्यक्तिको अस्तित्वमा नै समस्या उत्पन्न हुन्छ । वित्तीय व्यवस्थापन सन्दर्भमा नेपालको मौजुदा संवैधानिक र कानुनी व्यवस्थाको सफल कार्यान्वयन गरी ग्रे सूचीबाट बाहिर निस्कनै पर्छ । आधुनिक विकास भएको अभौतिक मुद्रा भविष्यमा प्रयोगमा ल्याउन अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनासाथ काम गर्नुपर्ने जरुरी छ । अल्पकालीन रूपमा तत्काल प्रतिबन्ध समाधान नभएकोले जोखिम अध्ययन गरिनुपर्छ ।

ब्लकचेन अध्ययन अध्यापनमा जोड दिनुपर्छ । साइबर क्षमता र सुरक्षा दुवैतर्फ जोड दिनपर्छ । मध्यमकालीन योजनातर्फ अनुगमन, सुपरिवेक्षण कानुनी संरचनाको व्यवस्थापन गर्ने, सम्पत्ति शुद्धीकरण, वित्तीय सहयोगसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको सुनिश्चितता र अभौतिक कर प्रणालीको प्रयोग अन्तरिम परीक्षणको रूपमा लागू गर्नुपर्छ । दीर्घकालीन रूपमा केन्द्रीय अभौतिक प्रणालीलाई नेपाल राष्ट्र बैंकले अभौतिक मुद्रा लागू गर्नेतर्फ पहल गर्नैपर्छ ।

अन्त्यमा, नेपाल विकासोन्मुख र कमजोर अर्थतन्त्र भएको मुलुक हो । वित्तीय क्षेत्रको अन्तर्राष्ट्रिय र राष्ट्रिय व्यवस्थापन गरी भरपर्दो कानुनी व्यवस्था गर्नुपर्छ । मुलुकले अकल्पनीय क्षतिपश्चात् नयाँ स्थिर सरकार पाएको छ ।

वित्तीय सुशासन कायम गरी मुलुकलाई ग्रे लिस्टबाट मुक्त गर्ने सरकारको प्राथमिकताको विषय बन्नैपर्छ । यसका लागि आर्थिक क्षेत्रको प्राविधिक क्षमता अभिवृद्धि गर्ने, निष्पक्ष, पारदर्शी, कानुनी शासन कायम गराउने र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रमशः मान्यता पाउँदै गरेको अभौतिक मुद्रा कारोबारसम्बन्धी क्षमता अभिवृद्धि गरी मुलुकको फाइदाको लागि समयको गतिसँगै अघि बढ्न अब ढिलो गर्नु हुँदैन ।

-साउद, कानुन व्यवसायी हुन् ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**फेटा गाउँपालिका, फेटा, बारा**

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# गर्मीले भारतमा बिजुली खपतको कीर्तिमान

**नयाँदिल्ली-** भारतमा बढ्दो गर्मीका कारण शीतलन उपकरणको प्रयोग तीव्र रूपमा बढेपछि देशको बिजुली मागले लगातार नयाँ कीर्तिमान बनाएको छ। भीषण गर्मीबीच ऊर्जा उत्पादकहरूले रेकर्ड स्तरमा विद्युत् उत्पादन गर्दै देशको अहिलेसम्मकै उच्च माग पूरा गरेका छन् ।

भारतको ऊर्जा मन्त्रालयका अनुसार बिहीबार लगातार चौथो दिन देशको चरम बिजुली मागले नयाँ सर्वकालिक उच्च रेकर्ड कायम गरेको हो । मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार बिहीबार दिउँसो ३:४५ बजे भारतको चरम बिजुली माग २७०.८२ गिगावाट पुगेको थियो, जुन सफलतापूर्वक आपूर्ति गरिएको बताइएको छ ।

उक्त समयमा राजधानी नयाँदिल्लीको तापक्रम ४५.३ डिग्री सेल्सियस पुगेको थियो । मन्त्रालयले यो स्तरलाई भारतको इतिहासकै सबैभन्दा उच्च चरम बिजुली मागको रूपमा वर्णन गरेको छ। यसअघि बुधवार २६५.४४ गिगावाटको रेकर्ड कायम भएको थियो, जसलाई एक दिनमै उछिन्दै नयाँ कीर्तिमान बनेको हो ।

ऊर्जा मन्त्रालयले बढ्दो तापक्रमका कारण एयर कन्डिसनर, कुलर तथा अन्य शीतलन उपकरणहरूको प्रयोग



अत्यधिक बढेकाले बिजुलीको माग अस्वाभाविक रूपमा चुलिएको जनाएको छ। मन्त्रालयले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विवरणमा माग वृद्धिको मुख्य कारण यही भएको उल्लेख गरिएको छ।

भारतको कुल विद्युत् उत्पादनमा अझै पनि थर्मल पावर, विशेषगरी कोइलामा आधारित उत्पादनको प्रभुत्व रहेको छ । हाल देशको कुल बिजुली उत्पादनमध्ये ६२ प्रतिशत हिस्सा कोइलाजन्य थर्मल पावरबाट प्राप्त भइरहेको मन्त्रालयले जनाएको छ । सौर्य ऊर्जाबाट २२ प्रतिशत, हावा र जलविद्युत्बाट पाँच प्रतिशत तथा बाँकी अन्य स्रोतहरूबाट उत्पादन भइरहेको छ। विश्वकै तेस्रो ठूलो हरितगृह ग्यास उत्सर्जक भारतले सन् २०७० सम्म 'शुद्ध-शून्य उत्सर्जन' हासिल गर्ने प्रतिबद्धता जनाएको भए पनि ऊर्जा सुरक्षाका लागि अझै कोइलामाथि ठूलो निर्भरता कायम रहेको देखिएको छ। रेकर्ड स्तरमा बिजुली उत्पादन भइरहेको सरकारी दाबीबीच सामाजिक सञ्जाल एक्समा धेरै प्रयोगकर्ताले भने आफ्ना क्षेत्रमा अझै पनि विद्युत् कटौती भइरहेको गुनासो गरेका छन् । अत्यधिक गर्मीका कारण पुराना विद्युत् तार र ट्रान्सफर्मरहरूमा अत्यधिक चाप परेर स्थानीय स्तरमा ब्ल्याकआउट हुने जोखिम बढिरहेको बताइएको छ ।

दक्षिण एसियाको एक अर्ब ४० करोड जनसङ्ख्या भएको भारतमा अप्रिलदेखि जुनसम्म तीव्र गर्मी सामान्य मानिए पनि पछिल्ला वर्षहरूमा तापक्रमको तीव्रता र अवधि दुवै बढ्दै गएको छ । वैज्ञानिक अनुसन्धानहरूले जलवायु परिवर्तनका कारण तातो हावाका लहरहरू अझ लामो, बारम्बार र खतरनाक बन्दै गएको निष्कर्ष निकालेका छन् ।

भारतको मौसम विभागका अनुसार बिहीबार उत्तर प्रदेश राज्यको बान्दा सहरमा अधिकतम तापक्रम ४७६ डिग्री सेल्सियस मापन गरिएको थियो । यो हप्ताको सुरुआतमा त्यही क्षेत्रमा पुगेको ४८.२ डिग्री सेल्सियसभन्दा केही कम भए पनि अवस्था अझै अत्यन्त गर्मीपूर्ण रहेको विभागले जनाएको छ ।

भारतमा हालसम्म आधिकारिक रूपमा मापन गरिएको सबैभन्दा उच्च तापक्रम राजस्थानको फलोदीमा सन् २०१६ मा रेकर्ड गरिएको ५१ डिग्री सेल्सियस हो ।

यसैबीच, अन्तर्राष्ट्रिय वायु गुणस्तर अनुगमन प्लेटफर्म 'एक्युआई' ले अप्रिलमा सार्वजनिक गरेको प्रतिवेदनमा विश्वका सबैभन्दा तातो ५० सहरमध्ये सबै भारतमै रहेको उल्लेख गरेको थियो । तापक्रम, सौर्य विकिरण, हावाको अवस्था, वर्षा र आर्द्रतासहितका विभिन्न सूचकलाई आधार बनाएर तयार गरिएको दैनिक 'गर्मी सूचकांक' मा भारतीय सहरहरू अत्यधिक तापको चपेटामा परेको देखाइएको थियो ।

नेपाल सरकार
भूमि सुधार तथा मालपोत कार्यालय
गौर, रौतहट

**विषय : मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना ।**

तपसिलको जग्गाको मोही जियालाल राउत, भगुवा रहेको मोही लगत कट्टा गरी पाउँ भनी ज.ध.तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा हकवाला कोही भई मोही लगत कट्टा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्रमा' दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा लिखित हक दाबी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

तपसिल

| ज.ध.को नाम | जिल्ला | गा.बि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| अनुठा राउत कुर्मी | रौतहट | रमौली | ७ | ११४/१८ | ०-०-५-० |

उपरोक्तानुसारको जग्गाको मोही जियालाल राउत र निजका हकवाला समेत कोही पनि टोल तथा वडा समेतमा नरहेकोले भगुवा मोही कहा गरि पाउँ भनि माग भएकोले यो सुचना प्रकाशित गरिएको छ । मोही वा निज हकवाला श्रीमती, छोरा, अविवाहित छोरी, धर्मपुत्र, धर्मपुत्री भएको वा कुनै अन्य कुनै हकवाला भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद्र बाहेक ३५ दिन भित्र सप्रमाण यसकार्यालयमा उजुर गर्न उपस्थित हुन आउनु होला उपस्थित नभएमा नियमानुसार मोही लगत कट्टा भई जाने छ। पछि कुनै उजुर बाजुर लाग्ने छैन ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

# वीरगंजमा दुग्धजन्य उद्योगहरुको बजार अनुगमन

***पवन प्रसाद साह***
***पर्सा, ०८ जेठ***

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज पर्सा तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयको संयुक्त आयोजनामा वीरगञ्जस्थित दुग्धजन्य उद्योगहरूको बजार अनुगमन गरिएको छ ।

अनुगमन टोलीले वीरगंज महानगरपालिका-१५ लक्ष्मनवास्थित डेरी फ्रेश उद्योग तथा वडा नं. १७ मा रहेको फ्रेस पुजा घ्यू प्रोडक्टमा निरीक्षण गरेको हो । निरीक्षणका क्रममा उद्योगमा उत्पादन तथा बिक्री भइरहेका सामग्रीको लेबल, सरसफाइ, गुणस्तर तथा मापदण्डसम्बन्धी विषयमा अनुगमन गरिएको जनाएको छ ।

अनुगमन टोलीका अनुसार फ्रेस पुजा घ्यू प्रोडक्टमा निरीक्षण गर्दा कुनै विशेष त्रुटि फेला परेको छैन । टोलीले





उद्योगहरूलाई खाद्य पदार्थ उत्पादन तथा बिक्रीमा आवश्यक मापदण्ड कडाइका साथ पालना गर्न निर्देशन दिएको छ ।

अनुगमन टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका निरीक्षण टोली संयोजक जगत प्रकाश चौधरी, सदस्य श्रवण कुमार साह, वाणिज्य कार्यालयका मधुरेस प्रसाद साह, उपभोक्ताको तर्फबाट प्रकाश कुमार शाह, नेपाल पत्रकार महासंघ पर्सा शाखाका सहसचिव एसके चौरसिया तथा पत्रकार बैजु झाको सहभागिता रहेको थियो ।

फ्रेस पुजा घ्यू प्रोडक्टका सञ्चालक राजाबाबु चौरसियाले आफूहरूले उत्पादन गर्ने घ्यू विशेषगरी पूजापाठमा प्रयोग हुने तथा डेरी फ्रेश उद्योगद्वारा उत्पादित घ्यू खान योग्य रहेको जानकारी दिए ।

यसैगरी निरीक्षण अधिकृत सुनिल चौरसिया ले उपभोक्ताको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै बजार अनुगमनलाई निरन्तरता दिइने बताए । उनले उद्योग तथा व्यवसायीलाई खाद्य ऐन तथा नियमअनुसार गुणस्तरीय उत्पादन तथा बिक्री वितरण गर्न आग्रह समेत गरेका छन् ।

# रौतहटमा फरार ९ प्रतिवादी पक्राउ, फैसला कार्यान्वयन अभियान तीव्र

***शु.आ. सम्बाददाता***
***रौतहट, ०८ जेठ***

रौतहट प्रहरीले अदालतबाट दोषी ठहर भई लामो समयदेखि फरार रहेका प्रतिवादीहरूलाई पक्राउ गर्ने अभियानलाई तीव्र बनाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका विभिन्न प्रहरी इकाइबाट खटिएको टोलीले बिहीबार एकै दिन ९ जना फरार प्रतिवादीलाई पक्राउ गरेको हो ।



प्रहरीका अनुसार विभिन्न मुद्दामा कैद तथा जरिवानाको फैसला सुनाइएपछि फरार रहेका व्यक्तिहरू गाउँघरमा लुकीछिपी बसेको सूचनाका आधारमा पक्राउ गरिएको हो। पक्राउ पर्नेहरूमा चेक अनादर, मोटरसाइकल चोरी, गाली बेइज्जती तथा नापतौलसम्बन्धी कसुरका प्रतिवादीहरू रहेका छन् ।

पक्राउ पर्नेहरूमा गरुडा नगरपालिका-३ का रामविनय साह, गरुडा नगरपालिका-२ का प्रभुनन्दन सहनी, वृन्दावन नगरपालिका-६ का शम्भु हजरा, मौलापुर नगरपालिका-८ का दयाशंकर प्रसाद यादव, मौलापुर नगरपालिका-५ का छठु भगत माली, मौलापुर नगरपालिका-८ की चाँदनी कुमारी तथा रामकली देवी र देवाही गोनाही नगरपालिका-३ का सुरेश साह कलवार रहेका छन् ।

प्रहरीका अनुसार चेक अनादर मुद्दामा विभिन्न व्यक्तिमाथि एक हजारदेखि तीन हजार रुपैयाँसम्म जरिवाना तोकिएको थियो भने मोटरसाइकल चोरी मुद्दामा छठु भगत मालीलाई १० हजार रुपैयाँ जरिवाना फैसला भएको थियो । नापतौलसम्बन्धी कसुरमा पक्राउ परेका सुरेश साह कलवारमाथि कैद सजायसँगै ४४ हजार रुपैयाँ जरिवाना रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी निरीक्षक रोहित कुमार शर्मा बढई का अनुसार पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी फैसला कार्यान्वयनका लागि रौतहट जिल्ला अदालत मा बुझाइएको छ । प्रहरीले जिल्लाभर फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तर कडाइका साथ सञ्चालन गरिरहेको जनाएको छ । कानुनबाट उम्किन खोज्ने जोसुकैलाई पनि कानुनी दायरामा ल्याई दण्डहीनताको अन्त्य तथा सुशासन कायम गर्ने उद्देश्यले अभियान जारी रहने प्रहरीको भनाइ छ ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

सामाजिक सञ्जालको दुरुपयोग हुनबाट बच्न सजगता अपनाऔं ।

- सामाजिक सञ्जालको पासवर्ड गोप्य राखौं ।
- मोबाइल, कम्प्युटर, ल्यापटप जस्ता विद्युतीय उपकरण प्रयोग गरी सकेपछि अनिवार्य रुपमा लँगआउट गरौं।
- कसैको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु (अपलोड) गर्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमा चिनजान भएको भरमा भेट्न बोलाएको ठाउँमा नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- भ्रामक, आधिकारिकता नभएका सूचना, सन्देश, तस्वीर तथा भिडियो सेयर नगरौं, नगराऔं
- व्यक्तिको मर्यादा, सम्मान र प्रतिष्ठामा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट नगरौं ।
- अशोभनीय तथा शंकास्पद सदेशको प्रतिवाद गरौं । उक्त सन्देश प्रमाणका लागि सुरक्षित राखौं ।
- आफू पनि सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलापको नियन्त्रणमा सहयोग पुऱ्याऔं ।

पोखरिया नगरपालिका
पोखरिया, पर्सा

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा**

# सामूहिक सहकार्यबाट अघि बढ्ने मन्त्री समिरको प्रतिबद्धता

*शु.आ. सम्बाददाता*
*कलैया, ०८ जेठ*



मधेश प्रदेश सरकारका नवनियुक्त बिना विभागीय मन्त्री महम्मद समिरले आफू व्यक्तिगत रूपमा मात्रै मन्त्री नभई नेकपा एमालेका सम्पूर्ण प्रदेशसभा सदस्यहरूकै प्रतिनिधिका रूपमा सरकारमा पुगेको बताएका छन्। उनले पार्टीभित्रको सामूहिक नेतृत्व र सहकार्यलाई प्राथमिकतामा राख्दै सबै प्रदेशसभा सदस्यहरूको साथ, सहयोग र सुझावका आधारमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

नेकपा एमाले संसदीय दलको बैठकलाई सम्बोधन गर्दै मन्त्री समिरले मन्त्री पद व्यक्तिगत उपलब्धि नभई पार्टी र जनताप्रतिको साझा जिम्मेवारी भएको उल्लेख गरे। उनले आफूले मन्त्रालयमा रहँदा गर्ने हरेक कामकारबाहीमा पार्टीका सबै प्रदेशसभा सदस्यहरूको साथ र मार्गदर्शन आवश्यक पर्ने बताए।

“म एक्लै मन्त्री भएको होइन, सम्पूर्ण माननीयज्यूहरूकै प्रतिनिधित्व गर्दै सरकारमा पुगेको हुँ,” उनले भने, “पार्टीको नीति, जनताको अपेक्षा र प्रदेशको आवश्यकतालाई केन्द्रमा राखेर काम गर्नेछु।”

मन्त्री समिरले आफ्नो कार्यकालमा कुनै कमजोरी वा त्रुटि देखिए खुलेर आलोचना तथा सुझाव दिन समेत आग्रह गरे। उनले सकारात्मक आलोचनाले कामलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे।

बैठकमा नेकपा एमालेका केन्द्रीय कमिटी सदस्य तथा संसदीय दलका उपनेतासमेत रहेका मन्त्री समिरलाई दलका प्रदेशसभा सदस्यहरूले विशेष बधाई तथा शुभकामना व्यक्त गरेका थिए। सो अवसरमा उनलाई खादा लगाएर सम्मानसमेत गरिएको थियो। सम्मानपछि मन्तव्य राख्दै मन्त्री समिरले पार्टीले आफूलाई दिएको जिम्मेवारीप्रति आभार व्यक्त गर्दै जनताको हित, सुशासन र विकासलाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता जनाए। उनले पार्टीभित्रको एकता र समन्वयलाई अझ मजबुत बनाउँदै मधेश प्रदेश सरकारलाई प्रभावकारी ढंगले अघि बढाउन आफू सक्रिय रहने बताए।

कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरूले मन्त्री समिरको नियुक्तिले पार्टीभित्र नयाँ उत्साह थपिएको उल्लेख गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए।

# सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरीद्वारा निःशुल्क आँखा शिविर सञ्चालन, २११ जना लाभान्वित

*हरि किशोर शर्मा*
*पर्सा, ०८ जेठ*



सशस्त्र प्रहरी बल, नेपालको “सीमा बासीसँग सशस्त्र प्रहरी कार्यक्रम” अन्तर्गत पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका–१ छपकैया छटघाटस्थित श्री बबिता पराजुली आधारभूत विद्यालयको प्राङ्गणमा निःशुल्क आँखा शिविर सम्पन्न गरिएको छ। सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गरिएको हो।

तिलगंगा आँखा अस्पताल काठमाडौं तथा सामुदायिक आँखा केन्द्र वीरगञ्जसँगको सहकार्यमा सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण मुख्यालय पर्साले कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा नं. १३ गण हे.क्वा. पर्साका गणपति सशस्त्र प्रहरी उपरीक्षक मोहन बहादुर क्षेत्री को प्रमुख आतिथ्यता रहेको थियो।

शिविरमा सामुदायिक आँखा केन्द्र वीरगञ्जका डा. मनोज पटेल सहित तीन सदस्यीय स्वास्थ्यकर्मी टोलीले सहभागीहरूको आँखा परीक्षण, स्वास्थ्य परामर्श तथा आवश्यक सुझाव प्रदान गरेको जनाएको छ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय जनप्रतिनिधि, भद्रभलाद्मी तथा स्थानीय बासिन्दाको उल्लेखनीय उपस्थिति रहेको थियो। शिविरमार्फत कुल २११ जनाले निःशुल्क आँखा परीक्षण सेवा लिएका सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरी बलले यस्ता सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रममार्फत सीमावर्ती क्षेत्रका नागरिकलाई आधारभूत सेवामा पहुँच पुर्‍याउनुका साथै सुरक्षा निकाय र स्थानीय समुदायबीचको सम्बन्ध अझ सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ। यस सम्बन्धमा जानकारी दिँदै सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन राज निरौला ले समुदायसँग सहकार्य गर्दै आगामी दिनमा समेत यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताएका छन्।

# सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ७२ हजार घुससहित पक्राउ

*महोत्तरी, ०८ जेठ*

महोत्तरीको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव लाई घुस रकमसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले शुक्रबार एक उपभोक्ता समिति अध्यक्षसँग घुस लिइरहेको अवस्थामा यादवलाई नियन्त्रणमा लिएको हो। आयोगका अनुसार उनलाई ७२ हजार रुपैयाँ नगदसहित महोत्तरीस्थित औडी सडक क्षेत्रबाट पक्राउ गरिएको हो।

अख्तियारका अनुसार उपभोक्ता समितिसम्बन्धी काम सहजीकरण गरिदिने नाममा उनले सेवाग्राहीसँग रकम माग गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। गोप्य सूचनाका आधारमा खटिएको टोलीले घुस लेनदेन भइरहेको अवस्थामा उनलाई रंगेहात पक्राउ गरेको जनाएको छ। स्रोतका अनुसार पक्राउ परेका यादवसँग थप रकमसमेत रहेको आशंका गरिएको छ भने घटनाबारे विस्तृत अनुसन्धान जारी रहेको अख्तियारले जनाएको छ। पक्राउपछि उनलाई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन आयोगको नियन्त्रणमा राखिएको छ।

पछिल्लो समय स्थानीय तहमा अनियमितता तथा घुस लेनदेनका घटना बढिरहेका बेला अख्तियारले निगरानी र कारबाहीलाई तीव्र बनाएको जनाएको छ। सार्वजनिक पदमा बसेर भ्रष्टाचारजन्य गतिविधिमा संलग्न हुनेमाथि कडा कानुनी कारबाही गरिने आयोगको भनाइ छ।

# बकर इदको अवसरमा जेठ १४ गते सार्वजनिक बिदा, लगातार चार दिन सरकारी बिदा

*शु.आ. सम्बाददाता*
*बारा, ८ जेठ*




सरकारले इस्लाम धर्मावलम्बीहरूको महान पर्व बकर इद (इद-उल-अज्हा) को अवसरमा आगामी जेठ १४ गते सार्वजनिक बिदा दिने निर्णय गरेको छ। गृह मन्त्रालयले शुक्रबार विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएको हो। गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले का अनुसार मुस्लिम आयोगबाट जेठ १४ गते बिहीबार बकर इद परेको जानकारी प्राप्त भएपछि सो दिन सार्वजनिक बिदा दिने निर्णय गरिएको हो।

यसअघि सरकारले बिसं २०८२ माघ १८ गते नेपाल राजपत्रमा प्रकाशित सूचनामार्फत इस्लाम धर्मावलम्बीहरूको पर्व बकर इद पर्ने दिन सार्वजनिक बिदा दिने व्यवस्था गरेको थियो।

सरकारले पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण इस्लाम धर्मावलम्बीहरूका साथै सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गरेको छ।

यस वर्ष जेठ १४ गतेदेखि लगातार चार दिन सार्वजनिक बिदा परेको छ। जेठ १४ गते बकर इदको बिदा, जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा सार्वजनिक बिदा, १६ गते शनिबार तथा १७ गते आइतबार नियमित बिदा परेकाले चार दिन लगातार सरकारी कार्यालय, शैक्षिक संस्था तथा अधिकांश सार्वजनिक निकाय बन्द रहनेछन्।

# बखरी प्रिमियम क्रिकेट प्रतियोगिता सुरु, युवा नेताद्वारा उद्घाटन

*राजन कुमार बानियाँ*
*पर्सा, ०८ जेठ*



पर्साको धोबीनी गाउँपालिका–४ बखरीमा “बखरी प्रिमियम क्रिकेट टुर्नामेन्ट” सुरु भएको छ। स्थानीय जेन जेड युवा क्लबको आयोजनामा प्रतियोगिता सञ्चालन गरिएको हो।

प्रतियोगिताको उद्घाटन जेन जेडका अध्यक्ष तथा युवा नेता विनय प्रसाद साह ले फिता काटेर तथा ब्याटिङ गर्दै गरेका थिए। उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले खेलकुदले युवामा अनुशासन, नेतृत्व क्षमता र सकारात्मक सोचको विकास गर्ने बताए। उनले युवालाई खेलकुदमा मात्र नभई देश निर्माण र नेतृत्व तहमा पनि सक्रिय भूमिका आवश्यक रहेको उल्लेख गरे। “देश चलाउन अब युवाको सहभागिता अपरिहार्य छ,” उनले भने, “युवाका लागि खेलकुदसँगै रोजगारीको अवसर पनि उत्तिकै आवश्यक छ।”

स्थानीय स्तरमा खेलकुद गतिविधि सञ्चालन हुँदा युवालाई दुर्व्यसनबाट टाढा राख्न र प्रतिभा पहिचान गर्न सहयोग पुग्ने वक्ताहरूले बताएका थिए। उद्घाटन कार्यक्रममा कुमार सोनु पटेल, किसुनदेव साह कानु, राजेश ठाकुर, श्याम बाबु साह, निरज गुप्त, अरुण साह, विशाल पटेल लगायत स्थानीय युवा तथा खेलप्रेमीहरूको सहभागिता रहेको थियो। आयोजक क्लबले प्रतियोगितामार्फत गाउँस्तरमा क्रिकेट खेलको विकास र युवाबीच आपसी सहकार्य अभिवृद्धि गर्ने उद्देश्य रहेको जनाएको छ।

# ज्ञानवाटिका माविमा संरक्षण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सम्पन्न

*हरिकिशोर शर्मा*
*पर्सा, ०८ जेठ*




पर्साको ठोरी गाउँपालिका–५ सुवर्णपुरस्थित ज्ञानवाटिका माध्यमिक विद्यालयमा शुक्रबार संरक्षण सम्बन्धी एकदिने स्कुल शिक्षा कार्यक्रम सम्पन्न भएको छ। पर्सा राष्ट्रिय निकुञ्जको आर्थिक सहयोग तथा सुनाखरी उपभोक्ता समिति सुवर्णपुरको आयोजनामा कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रममा विद्यार्थीलाई वन तथा वातावरण संरक्षण, जैविक विविधता, पर्यापर्यटन र वन्यजन्तु संरक्षण सम्बन्धी विषयमा अभिमुखीकरण गरिएको थियो। कार्यक्रममा पर्सा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत विष्णु रोकाय ले संरक्षणको महत्व, आवश्यकता तथा यसले वातावरण संरक्षण र पर्यापर्यटन प्रवर्द्धनमा पुर्‍याउने योगदानबारे सहजीकरण गरेका थिए। विद्यालयको ईको क्लबसँग आबद्ध दुई दर्जनभन्दा बढी विद्यार्थी सहभागी रहेको कार्यक्रममा संरक्षणसम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरिएको आयोजकले जनाएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्र बहादुर नेवार को प्रमुख आतिथ्यता तथा सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भिम बहादुर पाखीन को अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा ठोरी गाउँपालिका–५ की वडा सदस्य निशा खड्का, विध्यस सदस्यहरू कान्छीमाया लामा, रुपा परियार, फुर्वा घ्याम्जो मोक्तान लगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा वक्ताहरूले वन तथा वातावरण संरक्षणको महत्वबारे चर्चा गर्दै समुदाय र विद्यालय तहबाटै संरक्षण अभियानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए। वडा सदस्य खड्का, विव्यस अध्यक्ष तथा उपभोक्ता समितिका अध्यक्षले पनि विद्यार्थीहरूलाई संरक्षणप्रति जिम्मेवार बन्न आग्रह गरेका थिए।

यसैबीच, सुवर्णपुरस्थित सुनाखरी उपभोक्ता समितिले विगतदेखि नै विद्यालयमा संरक्षण र शिक्षा सुधारका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ। समितिले आर्थिक अवस्था कमजोर, जेहेन्दार तथा वन्यजन्तु प्रभावित क्षेत्रका विद्यार्थीलाई छात्रवृत्ति वितरण, संरक्षणसम्बन्धी हाजिरीजवाफ प्रतियोगिता तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्दै आएको छ। समितिका सचिव जीवन श्रेष्ठ का अनुसार यस वर्ष कक्षा ११ मा अध्ययनरत विद्यार्थी तथा विपन्न परिवारका विद्यार्थीलाई जनही दुई हजार रुपैयाँका दरले छात्रवृत्ति वितरण गर्ने तयारी गरिएको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - बृन्दाबन नगरपालिका